# २ यसै पृथ्वीमा स्वर्गको अनुभुति

*यस अध्यायका मूल पदहरू:* उत्पत्ति १:३१-२:३, प्रस्थान ३९:३२, ४३, प्रस्थान २५:९, हिब्रू ८:५, यूहन्ना २:१९-२२, १ कोरन्थी ३:१६,१७, प्रकाश २१:१-२२।

**_स्मरण गर्नुपर्ने पद:_ "तिनीहरूले पवित्र पाल अर्थात् बासस्थानमा सेवा गर्दछन्। तर त्यो पवित्र स्थान स्वर्गमा भएको पवित्र मन्दिरको केवल प्रतिलिपि र छायाँमात्र हुन्। त्यसैकारण जब परमेश्वरले मोशालाई यस पृथ्वीमा पवित्र पाल बनाउन निर्देशन दिनुभएको थियो त्यसबेला उहाँले सावधानी पनि उनलाई दिइएको थियो। परमेश्वरले भन्नु भयो: 'पहाडमा मैले जुन नमुना देखाएँ, त्यसै अनुसार दुरूस्त बनाउन पक्का गर्नु।" (हिब्रू ८:५ रूपान्तरित)।**

**स्वर्गमा भएको पवित्र मन्दिर मूलभूत वा सक्कल मन्दिर थियो।** तर पृथ्वीमा सृजना गरिएको पवित्र मन्दिर वा परमेश्वरको बासस्थानले स्वर्गमा भएको पवित्र मन्दिरको सत्यतथ्यहरूको बारेमा परमेश्वरले हामीलाई विभिन्न तरिकाहरूद्वारा देखाउनुभएको थियो।

अदनको बगैचाँ परमेश्वरले पवित्र मन्दिरको चिन्ह स्वरूप सृष्टि गर्नुभएको थियो। त्यसपछि मोशा, राजा सोलोमन र राजा हेरोदले यस पृथ्वीमा बनाएका पवित्र मन्दिरले मानिसहरूको मुक्तिको निम्ति ख्रीष्टले स्वर्गमा के काम गर्नुहुन्छ सो कामको चित्रण गरेका थिए।

तर सारा मानिसहरूका उद्धारकर्ता प्रभु येशू ख्रीष्ट पक्का पक्की रूपमा जीवित मन्दिर हुनुहुन्थ्यो। युगको अन्तमा स्वर्गमा भएको पवित्र मन्दिर नयाँ पृथ्वीमा ओरालिनेछ।

परमेश्वरले हामीलाई स्वर्गमा भएको पवित्र मन्दिरबाट केहि सत्य वा विद्या सिकाउनु भएको यस अध्यायमा हेर्नेछौं। त्यसबाट हामीले केही गरिमामय पाठहरूको अध्ययन गर्ने लक्ष्य यस अध्यायको छ।

## १ पृथ्वीमा स्थापना गरिएको परमेश्वरको प्रथम् पवित्र बासस्थान वा मन्दिर (उत्पत्ति १:३१-२:३)

इस्राएलमा पछि खडा गरिएका परमेश्वरको पवित्र बासस्थानहरूले सिकाउने पाठहरू त्यही हुन् जुन अदनको बँगैचाले सिकाउँदछन् भनेर बाइबलका विद्यार्थीहरूले मन्तव्य व्यक्त गरेको पाइन्छ। यस पृथ्वीमा भएको अदन बगैचा स्वर्गमा भएको सक्कल मन्दिरको प्रथम् नक्कल थियो भनेर उपरोक्त भनाईले औंल्याउँछ। अदनको बगैंचाले सिकाउने र पवित्र मन्दिरले सिकाउने पाठहरूलाई केही हदमा यसरी तुलना गर्न सकिन्छः

१. सृष्टिको कथाको अन्तमा र मरुभुमीमा परमेश्वरको निर्देशन अनुसार बनाइएका पवित्र बासस्थानमा त्यही तिन भागहरू छन्ः (१) निर्माण गर्न स्वीकृति (२) निर्माण सम्पन्न, र (३) निर्माण अर्थात् सृष्टि सकिएपछि त्यसमाथि उच्चारण गरिएको आशिष। "सम्पूर्ण" "सिध्दियो वा सम्पन्न भयो" र "आशिष" दिनुभयो भन्ने मूल शव्दहरू ती दुवैमा (अदनको बगैंचा र पवित्र बासस्थानको निर्माण) प्रयोग गरिएका छन् (उत्पत्ति १:३१-२:३सँग प्रस्थान ३९:३२,४३, र प्रस्थान ४०:३३ तुलना गरेर हेर्नुहोस्ः)।

२. जसरी बगैंचामा परमेश्वर हिँडिरहनुभएको थियो (उत्पत्ति ३:८), त्यसरी नै आफ्नो जनहरूसँग पवित्र मन्दिरमा परमेश्वर उपस्थित हुनुभएको थियो (२ शमूयल ७:६,७)।

३. बगैंचाको हेरचाह गर्न आदमलाई खटाइएको थियो (उत्पत्ति २:१५)। जुन क्रियापद शव्दहरू आदमको निम्ति प्रयोग गरिएका थिए, त्यही शव्दहरू पवित्र बासस्थानको रेखदेख गर्न लेवीहरूलाई खटाउँदा प्रयोग गरिएका थिए (गन्ती ३:७,८)।

४. सारा पवित्र स्थानभरी बगैचामा भएका सामग्रीहरू प्रयोग गरिएका थिए (प्रस्थान २५:३१-३६, १ राजा ६:१८)।

५. करूब स्वर्गदूतले बगैंचालाई सुरक्षा दिएको थियो (उत्पत्ति ३:२४)। महापवित्र स्थानमा भएको परमेश्वरको पवित्र सन्दुकलाई सुरक्षा गर्न दुई करूब स्वर्गदूतका प्रतिमाहरू बनाएका थिए (प्रस्थान २५:१८-२२)।

६. सृष्टिको काम सम्पन्न गर्न परमेश्वरले ६ दिन लगाउनुभएको थियो। प्रत्येक दिन गर्ने काममा “परमेश्वरले भन्नुभयो" भन्ने शव्द प्रयोग गरिएको थियो र छदिनको अन्तमा सातौं दिन अर्थात् शाबथ दिन भएको थियो। पवित्र स्थान निर्माण गर्न मोशालाई परमेश्वरले दिनुभएको निर्देशनमा पनि “परमेश्वरले मोशालाई भन्नुभयो" भन्ने शव्दहरू छ पटक नै प्रयोग गरिएका थिए। पवित्र स्थानमा छ खण्डहरू थिए। ती छ खण्डको निर्माणमा “परमेश्वरले मोशालाई भन्नुभयो" भनेको थियो (प्रस्थान २५:१, प्रस्थान ३०:११,१७,२२,३४, प्रस्थान ३१:१)। सातौं खण्डको निर्माणमा शब्बथसँग जोडिएको थियो (प्रस्थान ३१:१२-१७)।

७. प्रथम महिनाको प्रथम दिनमा यस पृथ्वीको प्रथम पवित्र मन्दिरको निर्माण सम्पन्न भएको थियो (प्रस्थान ४०:१७)। त्यो दिन यहूदीहरूको निम्ति नयाँ वर्ष भनेर तोकिएको थियो। त्यसले हामीलाई संसारको सृष्टिको काम सम्पन्न भएको याद दिलाउँछ।

पवित्र मन्दिर र उत्पत्ति २को अदनको बगैंचाको बीचको तुलना त्यत्तिको विस्तृत रूपमा जान आवश्यक त छैन। यहूदीहरूले पुरानो समयदेखि नै त्यसको बारेमा ज्ञान थियो। उदाहरणमा हेर्ने हो भने, ई. पू. दुईसय वर्ष पहिले लेखिएको एउटा यहूदी लेखमा यसरी दावी गरिएको छः “अदनको बगैंचा महापवित्र स्थान थियो जहाँ परमेश्वर बास गर्नुहुन्थ्यो।"

अदनको बगैंचा “परमेश्वरको बगैंचा" (इजकिएल २८:१३, इजकिएल ३१:९) वा “प्रभुको बगैंचा" (यशैया ५१:३) भनेर कहलाइएको थियो भन्ने कुरालाई विर्सनुहुन्न। यस पृथ्वीमा परमेश्वरको बस्ने ठाउँ त्यो बगैंचा थियो। हामीहरूका प्रथम् मातापिता त्यस ठाउँमा परमेश्वरको उपासना गर्दथे र उहाँसँग बातचित गर्दथे। त्यसकारण पापले गर्दा आदम र हव्वाले सबभन्दा महत्त्वपूर्ण थोक गुमाउनु परेकोचाहिँ अदनको बगैंचा थिएन। तर परमेश्वरसँग मुखामुख कुरा गर्ने अवसर गुमाउनु नै तिनीहरूको निम्ति ठूलो क्षति थियो।

**परमेश्वरको पवित्र मन्दिर वा पवित्र बासस्थान भन्ने शव्दलाई गहिरिएर सोच्नुहोस्। त्यो सोच्दा तपाईंको दिमागमा के आउँछ? कुनै ठाउँमा परमेश्वरको मन्दिर तपाईंको निम्ति हुन गएको कसरी बुझ्नुहुन्छ**

वा केले गर्दा त्यो ठाउँ पवित्र मन्दिर हुन जान्छ? संसारमा भएको परमेश्वरको पवित्र मन्दिरहरूको बारेमा सोच्दा स्वर्गमा भएको परमेश्वरको पवित्र मन्दिरको बारेमा गम्भिर भएर सोच्न कसरी सहयोग पुऱ्याउँछ?

## २. नमूनाको प्रतिलिपि (प्रस्थान २५:९,४०)

यस पृथ्वीमा बनाइएको परमेश्वरको पवित्र मन्दिरसँग स्वर्गमा भएको मन्दिरको के सम्बन्ध छ भनेर देहायका पदहरूले देखाएका छन्ः प्रस्थान २५:९,४० "मैले तँलाई देखाएको नमुनाअनुसार तैंले पवित्र पाल, डेरा र त्यसका सबै सजावटका सामानहरू बनाउनू।..... ४० मैले तँलाई पर्वतमाथि देखाएको ढाँचामा यी सबै तैंले होशियारीसित बनाउनू।", हिब्रू ८:५ "तिनीहरूले गर्ने काम स्वर्गमा भएको साँचो कुराको नकल र छायाँ मात्र हो। मोशालाई पनि यस्तै गर्न अह्राइएको थियो, जसले पवित्र पाल बनाउन लाग्दा परमेश्वरले उनलाई यसो भन्नुभएको थियो, "हेर, तँलाई पहाडमा देखाइएको नमुनाजस्तै सबै कुरा बनाउनू।", हिब्रू ९:२३,२४, "स्वर्गका नकल गरिएका ती चीजहरूलाई यसरी चोख्याउनैपर्थ्यो। तर स्वर्गकै चीजहरूलाई अझै राम्रो बलिदानको खाँचो थियो। **24** ख्रीष्ट त मानिसले बनाएको महापवित्र स्थानभित्र जानुभएन, जुनचाहिँ खास कुराको नकल मात्र थियो। उहाँ त सकली ठाउँ स्वर्गमा जानुभयो। उहाँ अहिले हाम्रा लागि परमेश्वरको सामु त्यहाँ हाजिर हुनुहुन्छ। **25** इस्राएलीहरूका प्रधान पूजाहारी त आफ्नो होइन तर पशु बलिको रगत लिएर वर्षेनी महापवित्र स्थानभित्र पस्छन्। तर ख्रीष्ट त घरीघरी आफैं बलिदान हुन जानुभएन।"

परमप्रभु सनातन परमेश्वरको पवित्र बासस्थान वा मन्दिर यस संसारमा मोशाले आविश्कार गरेर स्थापना गरेको होइन भनेर बाइबलले स्पष्ट रूपमा हामीलाई जानकारी दिइएको छ। बरू पहाडमा देखेको दर्शन अनुसार परमेश्वरको निर्देशनमा नै मोशाले त्यस बासस्थानलाई निर्माण गरेका थिए (प्रस्थान २६:३०, प्रस्थान २७:८, गन्ती ८:४)। स्वर्गमा भएको मन्दिरको ढाँचा वा आकृति अनुसार पृथ्वीको मन्दिर निर्माण गर्न अऱ्हाइएको थियो (प्रस्थान २५,९,४०)। हिब्रू शव्द "pattern-पाटर्न ( tabnit -टाबनिट)को अर्था नमुना वा प्रतिलिपि हो। त्यसको अर्थ स्वर्गमा भएको पवित्र मन्दिरको कुनै खालको नमूना वा

आकृतिचित्र (ब्लु प्रिन्ट) मोशाले देखेको हुनसक्छ भनेर हामी अनुमान गर्न सक्दछौं। परमेश्वरले देखाउनुभएको त्यहि नमूना यस पृथ्वीको मन्दिरको निर्माण गर्न प्रयोग गरिएको थियो।

त्यसकारण स्वर्गमा भएको पवित्र मन्दिर सकली र विशुद्ध थियो। यसकारण स्वर्गको मन्दिर इस्राएलीहरूले परमेश्वरको निम्ति भवन भनेर निर्माण गर्ने मन्दिरको नमूना भएर खडा भएको थियो। यद्यपि स्वर्गमा भएको पवित्र मन्दिर नै स्वर्ग हो भनेर हामी भन्न सक्दैनौं। किनकि स्वर्गको मन्दिर "स्वर्गमा" छ भनेको छ (प्रकाश ११:१९, प्रकाश १४:१७, प्रकाश १५:५)। स्वर्ग आफै र त्यहाँ भएको मन्दिर वा परमेश्वरको भवन एउटै होइन भनेर जनाइएको हामीले बुझ्नुपर्दछ।

स्वर्गमा भएको पवित्र मन्दिर कुनै मनगढन्ते वा हावा महल नभएर साँच्चिकै हुन् भनेर हिब्रूको पुस्तकले सफा र स्पष्टसँग वाख्या गरेको छ। स्वर्गमा भएको पवित्र मन्दिर "सत्य र सक्कली वा असली मन्दिर" हो भनेर तोकिएको छ (हिब्रू ८:२)। त्यो "मन्दिर महान र अझ बढि सिद्ध वा उत्कृष्ठ हो" भनेर कहलाइएको छ (हिब्रू ८:५)। यस पृथ्वीमा निर्माण गरिएको मन्दिर केवल स्वर्गमा भएको मन्दिरको प्रतिलिपि वा छाँया मात्र हो रे (हिब्रू ८:५)। तर कुनै पनि छाँया यथार्थको अनुकरण हो। तर त्यो अपरिपक्व र कमजोर अनुकरण हो। तैपनि यस पृथ्वीमा भएको मन्दिर स्वर्गमा भएको पवित्र मन्दिरको चित्रण हो। त्यसको अर्थ यस पृथ्वीमा भएको मन्दिरमा केही कमी कमजोरी होला वा निर्माणमा केही सीमित तत्व देखिएला, तैपनि स्वर्गमा भएको पवित्र मन्दिर साँच्चिक्कै हो भनेर विभिन्न उल्लेखनीय तरिकाले देखाउँदछन्।

दुईको सम्बन्धलाई जानकारी दिने विद्यालाई टाइपोलोजी अर्थात् प्रकार विज्ञान वा प्ररूप विज्ञान भनिन्छ। दुई ऐतिहासिक घटनाहरूलाई तुलना गर्ने ज्ञानमा प्रकार विज्ञान समावेश भएको हुन्छ। त्यसलाई टाइप वा सकल वा असली र आन्टीटाइप अर्थात् प्रतिलिपि वा नक्कल। सकली वा असली र नक्कली वा प्रतिलिपिको बीचमा नजिकको सम्बन्ध भएको कारणले मोशाले देखेका स्वर्गको मन्दिरको नमूना उनको निम्ति निर्माण गर्ने नक्सा हुन गएको थियो (हिब्रू ८:५)। र पृथ्वीमा जे निर्माण

गरियो त्यो आन्टिटाइप वा प्रतिलिपि वा नकल थियो (हिब्रू ९:२४)। त्यसले फेरि हामीलाई के सत्य आत्मज्ञानको प्रमाणित गर्दछ भन्दा मानव निर्मित परमेश्वरको मन्दिर भन्दा पहिले नै स्वर्गमा मन्दिर थियो। हामी सेभेन्थ-डे एडभेन्टिस्टहरूले स्वर्गमा भएको पवित्र मन्दिर यथार्थ मन्दिर हो र त्यहाँ त्यो मन्दिर पक्का पक्की छ भनेर बाइबलकै ठोस आधारमा तर्क व्यक्त गर्दछौं।

## ३. येशू ख्रीष्ट आफै परमेश्वरको मन्दिर (यूहन्ना २:१९-२१)

**येशूको शरीरलाई परमेश्वरको पवित्र मन्दिरसँग तुलना गरिएको छ, त्यो किन हो त? हेर्नुहोस्: यूहन्ना २:१३-२१ "यहूदीहरूको निस्तार भन्ने चाड आउन लागेको थियो। त्यस बेला येशू यरूशलेममा जानुभयो।
१४ उहाँले मानिसहरूलाई मन्दिरमा परेवा, भेडा, गाईवस्तुहरू बेचिरहेको र पैसा साटी रहेको देख्नुभयो। १५ यो देखेर येशूले कोर्रा लिएर त्यहाँ भएका गाईवस्तु, भेडा, बाख्रा सबै लखेट्नुभयो, पैसा साट्नेहरूको पैसा छरिदिनुभयो र टेबिलहरू पल्टाइदिनुभयो। १६ उहाँले परेवा बेच्नेहरूलाई हकारेर भन्नुभयो, "तिमीहरूको चीजबीज यहाँबाट लैजाओ। मेरो पिताको घरलाई तिमीहरूले किनबेच गर्ने बजार बनाउन पाउँदैनौ!"
१७ त्यति बेला उहाँका चेलाहरूले धर्मशास्त्रमा लेखिएको यो कुरा सम्झे, "हे परमेश्वर! तपाईंको घरको निम्ति मेरो जोश मभित्रै आगोजस्तै बल्दछ।" १८ तर यहूदी अगुवाहरूले येशूलाई रोक्न खोज्दै भने, "के तपाईंलाई यसो गर्ने अधिकार छ? छ भने के हामीलाई कुनै अचम्मको चिन्ह देखाउन सक्नुहुन्छ?" १९ येशूले भन्नुभयो, "यस मन्दिरलाई भत्काओ अनि म यसलाई तीन दिनमा फेरि बनाउनेछु।" २० उनीहरूले भने, "के तपाईंले तीनै दिनमा बनाउनुहुन्छ त? यो मन्दिर बनाउन त छयालीस वर्ष लागेको थियो!" २१ तर येशूले भन्नुभएको मन्दिरचाहिँ उहाँको आफ्नै शरीर थियो। २२ येशू मरेकोबाट बिउँतनुभएपछि उहाँका चेलाहरूले येशूले भन्नुभएको यो कुरा सम्झे। तिनीहरूले धर्मशास्त्र र येशूले भन्नुभएको कुरामा विश्वास गरे।", यूहन्ना १:१४, "वचन मानिस हुनुभयो र हाम्रो बीचमा बास गर्नुभयो। उहाँ अनुग्रह र सत्यले भरिपूर्ण हुनुहुन्थ्यो। हामीले उहाँको ठूलो महिमा देख्यौं। उहाँले पाउनुभएको महिमाचाहिँ पिताको एकमात्र पुत्रलाई सुहाउने महिमा थियो।"**

येशूका चेला यूहन्नाले लेखेका पुस्तकमा धेरै विषय वस्तुहरू छन्। ती मध्ये येशू उत्तम मन्दिर हुनुहुन्छ भन्ने दावी गरेको विषय वस्तु यूहन्नाको पुस्तकमा पाउँछौं। येशू त्यो वचन हुनुहुन्थ्यो जो देहधारी हुनुभयो, मानिसहरूको बीचमा रहनुभयो र उहाँको तेजस्वी महिमा ती चेलाहरूले देखेका थिए भनेर यूहन्नाले जिकिर गर्दछन् (यूहन्ना १:१४)। “रहनुभयो" (स्किनु skenoo) भन्ने क्रियापद शव्द ग्रीक अर्थात् युनानी भाषाको नाम "मन्दिर अर्थात् स्किन skene" बाट प्रयोग गरिएको हो। त्यसैकारण यूहन्ना १:१४मा लेखिएको वचनलाई “हाम्रो बीचमा मन्दिर हुनुभयो (टेबरनाकल्द tebernacled) भनेर अनुवाद गर्न सकिन्छ। तेजस्वीमय महिमा भन्ने शव्दले मरुभूमीमा जब मन्दिरको स्थापना भएको थियो त्यसबेला परमेश्वरको महिमा त्यसमाथी चम्किएको थियो भनेर याद दिलाउँछ (प्रस्थान ४०:३४,३५)। राजा सोलोमनले पनि मन्दिर बनाइसकेपछि उनले प्रार्थना र आराधाना गर्ने क्रममा त्यस मन्दिरमाथि परमेश्वरको तेजस्वमय महिमा देखा परेको थियो (२ इतिहास ७:१-३)। त्यसकारण जब ख्रीष्ट यस संसारमा आउनुभयो तब परमेश्वरको मन्दिर उहाँको मानिसहरूको बीचमा हुनेछ भन्ने भविष्यवाणी पूरा भएको देखाउँछ।

येशू आफै मन्दिर हुँ भनेर दावी गर्नुभएको कुरा माथिका पदहरूले देखाउँदछन्। फेरि त्यसले यो पनि बताउँछन् कि जब येशूको मृत्यु भयो तब मन्दिर र त्यसको परिसरमा गरिने यहूदी धर्ममा उल्लेखित सम्पूर्ण विधिहरूको औचित्य समाप्त भयो भनेर पनि देखाउँदछ (यूहन्ना २:१९-२१, मत्ती २७:५१ वर्तमान यहूदी धर्मका मानिसहरूले येशूलाई अश्वीकार गरेतापनि येशूको मृत्युपछि आजसम्म इस्राएलमा भएको भत्किएको मन्दिरको न त पुननिर्माण भएको छ न त त्यसमा गरिने विधिहरूलाई पालन गरिएको छ)। जीवनको रोटी मैं हुँ भनेर येशूले भन्नुभएको थियो (यूहन्ना ६:३५)। सारा संसारको ज्योति मै हुँ भनेर पनि उहाँले घोषणा गर्नुभएको थियो (यूहन्ना ८:१२)। मरूभूमीमा स्वर्गबाट झरेको मन्ना खानादेखि लिएर मन्दिरमा भएको पवित्र रोटी र मन्दिरमा भएको पानस बत्तीलाई येशूको उपरोक्त भनाइले औंल्याएको हुनुपर्छ। ती दुवै रोटी र पानस यस पृथ्वीमा भएको पवित्र मन्दिरका

सामग्रीहरूका भागहरू हुन्। अनि येशू बलिको बोको हुनुहुन्छ जसले संसारका पापहरूलाई बोक्नुभयो (यूहन्ना १:२९)।

"परमेश्वरको मन्दिरमा गरिने विधिहरू गर्न जो जो मानिसहरू खटाइएका थिए तिनीहरूलाई हाम्रो निम्ति ख्रीष्ट आएर मर्नुहुन्छ भन्ने विद्याको तालिम दिएको थियो। प्रत्येक मानिसको हृदयमा परमेश्वरको व्यवस्थाप्रति प्रेमको सृजना गर्न र उहाँको राज्य विधिको राज्य हो भनेर मन्दिरमा गरिने योजनवद्ध सेवाकार्यले देखाएको थियो। ख्रीष्टले मानिसको पापलाई बोकेर परमेश्वरको प्रेम देखाउनुभएको थियो भनेर उहाँको त्याग वा बलिले सिकाएको थियो। स्पष्ट रूपमा भन्ने हो भने निर्दोष र निष्कपट व्यक्तिलाई हाम्रो खन्याइएको थियो।"-एलेन जी ह्वाइट, सेलेक्टेड मेसेजेज्, बुक १, पृ. २३३बाट रूपान्तरित।

**हामीहरूको पापी स्वभावको कारणले परमेश्वर हामीसँग क्रोधित हुनुभएको छ भनेर सोच्नु सजिलो छ। तर क्रुसमा देखाएको महान् बलिदानले हामी जतिसुकै कमजोर पापी भएतापनि परमेश्वरले हामीलाई प्रेम गर्नुहुन्छ भन्ने उदाहारणले हामीलाई कस्तो सन्देश दिन्छ? त्यो आत्मज्ञानले गर्दा आत्मग्लानी गर्ने हामीमा भएका भ्रष्ट स्वभावमाथि विजय पाउन सक्छौं भन्ने प्रेरणा कसरी मिल्न सक्दछ?**

## ४. परमेश्वरको पवित्र मन्दिरको स्वरूपमा चर्च (१ कोरन्थी ३:१६,१७)

**स्वर्गमा भएको** पवित्र मन्दिरमा मूल पुजारीको हैसियतले आफ्नो काम सुरू गर्न ख्रीष्ट स्वर्गमा जानुभएको थियो। जब उहाँ स्वर्गमको मन्दिरमा पस्नुभयो तब यस संसारमा भएको भौतिक मन्दिरको औचित्य समाप्त भएको थियो। यस पृथ्वीको मन्दिर र त्यसमा गरिने कुनै पनि विधिमा मुक्तिको योजनाको अर्थ यथार्थमा अर्थहिन हुन पुगेको थियो (त्यस सन्दर्भमा मत्ती २७:५०,५१मा यसरी वर्णन गरिएको छ, "तर त्यति नै बेला येशूले फेरि एकपल्ट ठूलो सोरले कराएर आफ्नो प्राण त्याग्नुभयो। ५१ तब हेर, त्यही समयमा मन्दिरभित्र टाँगिएको पर्दा माथिदेखि तलसम्मै दुई भाग भएर च्यातियो। भूइँचालो गयो, पहराहरू फुटे....।" मरूभुमीदेखि इस्राएलको यरुशलेममा निर्माण गरिएको परमेश्वरको पवित्र मन्दिर वा बासस्थान येशूको मृत्युपछि अर्थहिन हुन पुगे पनि यस पृथ्वीमा आफ्ना भक्तहरूको बीचमा रहने चाहना गर्नुबाट

परमेश्वर पन्छिनु भएको थिएन। अब पवित्र आत्माद्वारा त्यो चाहना पूरा हुन सम्भव हुन गएको थियो। प्रत्येक येशूभक्तसँग हुने परमेश्वरको उपस्थितिको सत्य आत्मज्ञान सिकाउन येशूका प्रेरित चेलाहरू र पावलले मन्दिरको प्रतिकलाई उपयोग गरेका थिए।

देहायका पदहरूले यस संसारमा भएको परमेश्वरको भौतिक पवित्र मन्दिरलाई अब केमा रूपान्तर भयो सो देखाउँदछन्। हेर्नुहोस् बाइबलले सिकाएका कस्तो आत्मज्ञान सत्य ती पदहरूले खुलासा गरेका छन्। १ कोरन्थी ३:१६,१७ "तिमीहरू परमेश्वरका मन्दिर हौ अनि परमेश्वरका आत्मा नै तिमीहरूभित्र बस्नुहुन्छ। के यो कुरा तिमीहरूलाई थाहा छैन? १७ यदि कसैले परमेश्वरको मन्दिर बिगार्छ भने परमेश्वरले नै उसलाई नाश गर्नुहुनेछ किनभने परमेश्वरको मन्दिर पवित्र छ अनि त्यो मन्दिरचाहिँ तिमीहरू नै हौ।", १ कोरन्थी ६:१९,२० "के तिमीहरूको शरीर पवित्र आत्माको मन्दिर हो भनी तिमीहरूलाई थाहा छैन? परमेश्वरले दिनुभएको पवित्र आत्मा नै तिमीहरूको शरीरभित्र बस्नुहुन्छ। त्यसो हुँदा तिमीहरू आफैं पनि आफ्ना होइनौ। २० तिमीहरूलाई परमेश्वरले मोल तिरेर किन्नुभएको हो। यसकारण तिमीहरूले आफ्नो शरीरद्वारा परमेश्वरको आदर गर।" २ कोरन्थी ६:१६ "परमेश्वरको मन्दिरसँग मूर्तिको के सम्बन्ध छ? हामीहरू त जिउँदा परमेश्वरकै मन्दिर हौं। परमेश्वर आफैंले पनि भन्नुभएको छ, "म आफ्ना भक्तहरूसँग बास गर्नेछु र तिनीहरूसँगै हिँडडुल गर्नेछु। म तिनीहरूकै परमेश्वर हुनेछु र तिनीहरूचाहिँ मेरा प्रजा हुनेछन्।" ,र एफिसी २:१९-२२ "यसकारण तिमीहरू अब विदेशी र बिराना होइनौ, तिमीहरू अब परमेश्वरको जातिसँग सह-नागरिक बनेका छौ र परमेश्वरका परिवारका सदस्यहरू बनेका छौ। २० प्रेरित र अगमवक्ताहरूले हालेका जगमा बनिएका घर तिमीहरू पनि हौ। जगको मूल ढुङ्गाचाहिँ येशू ख्रीष्ट आफै हुनुहुन्छ। २१ उहाँले नै सिङ्गै घरलाई पक्रेर राख्नुभएको छ र उहाँले यस घरलाई प्रभुप्रति समर्पण गरिएको एक पवित्र मन्दिर बनाउनुहुनेछ। २२ तिमीहरू पनि उहाँमा अरू सबैसँगै त्यो घर बन्दै छौ, जहाँ परमेश्वर आत्मामा बास गर्नुहुनेछ।"

१ कोरन्थी ३:१६,१७ पावलले चर्चलाई एक संयुक्त समूह भनेर सम्बोधन गरेका छन्। मन्दिरको प्रमुख व्यक्ति को हुनुहुन्छ (१

कोरन्थी ३:१६) र त्यो कसरी पवित्र हुन्छ (१ कोरन्थी ३:१७) भन्ने विद्यालाई कोरन्थीका विश्वासीहरूलाई सिकाउँदछन्। सामूहिक रूपमा चर्च परमेश्वरको मन्दिर हो भनेर सिकाएतापनि प्रत्येक विश्वासी पनि परमेश्वरको मन्दिर हो भन्ने नितिलाई उनले औँल्याउँदछन् (१ कोरन्थी ६:१९,२०)। स्पष्टरूपमा भन्ने हो भने प्रेरित पावलले यो जिकिर गर्दछन्ः येशूभक्त हुँ वा इसाई हुँ भनेर दावी गर्ने प्रत्येक व्यक्ति परमेश्वरको मन्दिर हो र उसको शरीर परमेश्वरको पवित्र भुभाग हो। त्यसको अर्थ, पवित्र जीवन यापन गर्ने प्रत्येक विश्वासीको धर्म वा जिम्मेवार हो। शुद्ध र पवित्र जीवन यापन गर्नु भनेको के हो भनेर पावलले मन्दिरको उदाहरणलाई प्रस्तुत गर्दछन्। दम्पतीहरूको बीचमा मात्र कामबासनालाई उपयोग गरेर सम्भोगलाई शुद्ध राख्नु पनि पविब जीवन यापन गर्नुको एक भाग हो भनेर पावलले औँल्याउँछन् (१ कोरन्थी ६:१५-१८ अर्थात् कुनै पनि बहानामा परस्त्री गमन वा परपुरूष गमन गर्नुबाट पावलले मनाही गरेका छन्, येशूले अझ एक कदम अगाडी बढेर भन्नुहुन्छ "यदी कुनै स्त्रीलाई कामबासनामा हेर्छ भने त्यसले व्यभिचार गरेको हुन्छ" मत्ती ५:२८ र विवाह गरेको दम्पतीको बीचमा बाहेक कुनै अरूसँग यौन सम्बन्ध राख्नु दश आज्ञाको नितीलाई उल्लङ्घन गर्नु हो)।

त्यसकारण पवित्र मन्दिरको ढाँचासँग चर्चलाई पावलले गरेको अन्तिम तुलना मिल्दोजुल्दो छ। विश्वासी र अविश्वासीहरूको बीचमा आत्मिक रूपमा समानता हुन सक्दैन (२ कोरन्थी ६:१४-७:१)। किनभने चर्च परमेश्वरसँगको सम्बन्धमा सम्झौता गरिएको थलो हो। त्यसकारण समुच्च रूपमा भन्ने हो भने चर्च परमेश्वरको अधिनमा छ (२ कोरन्थी ६:१८)।

फेरि त्यसै समयमा चर्च परमेश्वरको पवित्र मन्दिरमात्र होइन, पवित्र पुजारी पनि हो (१ पत्रुस २:५,९)। त्यसकारण इसाई हुँ भनेर दावी गर्नु मात्र र त्यसलाई व्यवहारमा उतार्नुमा आकाश जमिनको फरक छ किनभने प्रत्येक येशूभक्तलाई महत्त्वपूर्ण अभिभारा सुम्पिएको छ। तसर्थ परमेश्वरमाथि आस्था र विश्वास गरेर हामीहरू उहाँलाई समर्पण गर्नु अत्यन्त अपरिहार्य छ। सबै थोक दिनुहुने परमेश्वरले उहाँको आज्ञा पालन गर्न उहाँले अपेक्षा गर्नु हुन्छ। प्रत्येक येशूभक्तबाट

मुख मात्र होइन सम्पूर्ण जीवन नै उहाँलाई सुम्पोस् भनेर परमेश्वर चाहनुहुन्छ।

**निसन्देह हामी हामीहरूको धर्मकर्मले होइन तर ख्रीष्टको धार्मिकताले मुक्ति पाउँछौं। हामीहरूको जीवनलाई पूरा रूपमा उहाँको धार्मिकताले ढाक्नुहुन्छ। तर ख्रीष्टको अनुग्रह हामीले पाएकोमा परमेश्वरले हामीबाट के अपेक्षा गर्नुहुन्छ? उहाँको अपेक्षालाई दिलोज्यानले हामी कसरी पुऱ्याउने?**

## ५. नयाँ सृष्टी (प्रकाश ७:१५-१७)

**प्रकाश ७:१५-१७मा मुक्ति पाएकाहरू कहाँ छन् र ती पदहरूले तिनीहरूको बारेमा कस्तो चित्रण गरेको छ सो पढ्नुहोस्, "१५ यसकारण उनीहरू परमेश्वरको अगाडि छन् र दिन-रात उहाँको पवित्र मन्दिरमा उहाँको सेवा गर्छन्। सिंहासनमा विराजमान् हुनुहुनेचाहिँ उनीहरूको बीचमा रहेर तिनीहरूको रक्षा गर्नुहुनेछ। १६ उनीहरू अबदेखि कहिल्यै भोकाउने र तिर्खाउनेछैनन्। घामले वा कुनै चर्को तापले उनीहरूलाई पोल्नेछैन १७ किनभने सिंहासनको बीचमा हुनुहुने थुमाले नै उनीहरूको गोठालो भएर रक्षा गर्नुहुनेछ। उहाँले उनीहरूलाई जीवनको पानीका मूलमा डोऱ्याएर लानुहुनेछ। अनि परमेश्वरले नै उनीहरूका आँखाबाट हरेक आँसु पुछिदिनुहुनेछ।"**

मुक्ति पाएकाहरू राजा र पुजारीहरू भएर परमेश्वरको दरवार र मन्दिरमा उहाँको सेवा गर्दछन् भनेर प्रकाशको पुस्तकले वर्णन गर्दछ (प्रकाश १:६, ५:१०, २०:६)। प्रकाश ७:१५लाई यसरी पनि अनुवाद गरिएको छ,"जो सिहाँसनमा बस्नुहुन्छ, उहाँले उहाँको पवित्र मन्दिरलाई तिनीहरूमाथि फैलाउनुहुनेछ।" यो त प्रतिज्ञा हो भनेर मान्न सकिन्छ। उपरोक्त पदले मरुभुमीको पवित्र मन्दिरमा परमेश्वर हुनुहुन्थ्यो र इस्राएलीहरूको अगुवा भएर उहाँ रहनुभएको थियो भनेर जानकारी दिन्छ। त्यसको अर्थ यसरी लिन सकिन्छ, परमेश्वर र उद्धार पाएका उहाँका जनहरूको बीचमा भेटघात र सम्बन्ध राख्ने अत्यन्त उपयुक्त स्थान नयाँ पृथ्वीमा हुने परमेश्वरको पवित्र मन्दिर हुनेछ। मोक्ष पाएकाहरूले परमेश्वर र उहाँको ख्रीष्टको सम्मुख रहेर पूर्ण जीवन, आश्रय र सुरक्षित पाउने छ भनेर परमेश्वर वचनवद्ध हुनुभएको

बाइबलमा उल्लेख गरिएको कुरालाई हामी पन्छाउन सक्दैनौं। मन्दिररूपी ख्रीष्ट एक फेरा मानिसहरूको बीचमा रहनुभएको थियो (यूहन्ना १:१४), अब उहाँका सन्तहरूमाथि उहाँले आफ्नो मन्दिर वा सुरक्षित हेरचाह फैलाउनुहुनेछ ताकी तिनीहरू उहाँसँग ढुक्क भएर बस्न सकोस्। उहाँको छत्रछायाँमा रहनुभनेकै उहाँको मन्दिर भएर बस्नु हो।

प्रकाश २१:१-२२मा नयाँ यरुशलेमको बारेमा वयान गरेको छ। त्यो पढेर परमेश्वरको पवित्र मन्दिर र पवित्र शहरलाई तुलनात्मक रूपमा कसरी हेर्न सकिन्छ, हेर्नुहोस्: "१ यसपछि मैले नयाँ स्वर्ग र नयाँ पृथ्वी देखें। पहिलो स्वर्ग र पहिलो पृथ्वी हराएर गयो अनि समुद्रचाहिँ लुप्त भयो। २ अनि परमेश्वरबाट स्वर्गबाट पवित्र सहर ओर्लिरहेको मैले देखें। तिनलाई आफ्ना दुलहा भेट्न सिँगारिएकी दुलहीजस्तै गरी तयार भएको मैले देखें। ३ सिंहासनबाट ठूलो सोरमा यसो भनेको मैले सुनें, "हेर! अबदेखि परमेश्वरको वास मानिसहरूसँग भएको छ। उहाँ तिनीहरूसँग वास गर्नुहुनेछ र उनीहरू उहाँकै मानिसहरू हुनेछन्। परमेश्वर आफैं उनीहरूसित हुनुहुनेछ अनि उहाँ उनीहरूका परमेश्वर हुनुहुनेछ। ४ उहाँले तिनीहरूका आँखाबाट सबै आँसु पुछिदिनुहुनेछ। अबदेखि कोही मर्नुपर्नेछैन। कसैले पनि शोक मानेर रुनेछैन, कुनै किसिमको दुःख हुँदैन। पुराना सबै कुरा बितिसकेका छन्। ५ तब सिंहासनमा विराजमान् हुनुहुने परमेश्वरले भन्नुभयो, "हेर! अब म सबै कुरा नयाँ बनाउँछु।" उहाँले मलाई यसो पनि भन्नुभयो, "यी कुरा लेख किनभने ती साँचा र विश्वास गर्न सकिने कुरा हुन्।" ६ अनि उहाँले भन्नुभयो, "अब सबै काम पूरा भइसके! अल्फा र ओमेगा आदि र अन्त म नै हुँ। जस-जसलाई तिर्खा लाग्छ, तिनीहरूलाई म जीवनको पानीको मूलबाट सित्तैंमा पिउन दिनेछु। ७ ज-जसले जित्छ, उसले मबाट यो हक पाउनेछ। म उसका परमेश्वर हुन्छु र ऊ मेरो छोरो हुनेछ। ८ तर कातरहरू, धोखाबाज गर्नेहरू, घिनलाग्दा काम गर्नेहरू, ज्यानमाराहरू, व्यभिचार गर्नेहरू, टुनामुना गर्नेहरू, मूर्ति पूज्नेहरू र सबै झूट बोल्नेहरूको ठाउँचाहिँ आगो र गन्धकले जलिरहेको कुण्ड हो। त्यसमा पर्नुचाहिँ दोस्रो मृत्यु हो।" ९ सात आखिरी विपत्ति भएका सात बटुका समाउने सात जना स्वर्गदूतमध्ये एकले मलाई भने, "यता आऊ, म तिमीलाई ती दुलही,

जो थुमाकी पत्नी हुन्, उनलाई देखाउँछु। १० त्यसपछि म आत्माले
भरिपूर्ण भएँ र स्वर्गदूतले मलाई अग्लो पर्वतमा लगे। स्वर्गदूतले मलाई
परमेश्वरबाट स्वर्गदेखि ओर्लिरहेको यो पवित्र सहर यरूशलेम देखाए।
११ त्यो सहरचाहिँ परमेश्वरको महिमाले चम्किंदै थियो। त्यसको चमक
एउटा बहुमूल्य रत्न, बिल्लौर जस्तै थियो। यो स्फटिकझैं स्वच्छ थियो।
१२ त्यसको वरिपरि ठूलो अग्लो पर्खाल थियो। पर्खालका बाह्र ढोका
थिए र हरेक ढोकाको हेरचाह एक-एक स्वर्गदूतले गर्थे। ती ढोकामा
इस्राएलका बाह्र कुलका नाउँहरू लेखिएका थिए। १३ पूर्वतिर तीन
ढोका थिए, पश्चिमतिर तीन ढोका, उत्तरतिर तीन ढोका र दक्षिणतिर तीन
ढोका थिए। १४ सहरको पर्खालका बाह्रवटा जग थिए र तीमाथि
थुमाका बाह्र जना प्रेरितका नाउँ लेखिएका थिए। १५ मसित बोल्ने
स्वर्गदूतको हातमा यो सहर, यसका ढोका र यसका पर्खाललाई नाप्न
एउटा सुनको नाप्ने टाँगो थियो। १६ यो सहर चारकुने थियो र यसको
चौडाइ र लम्बाइ बराबर थियो। स्वर्गदूतले यस टाँगोले नाप्दा दुई हजार
चार सय किलोमिटर लामो र त्यत्ति नै चौडा र त्यति नै उच्चाइ रहेछ।
१७ अनि स्वर्गदूतले सहरको पर्खाल नापे र उनको नापअनुसार यो साठी
मिटर अग्लो थियो। १८ पर्खालचाहिँ बिल्लौरले बनाइएको थियो अनि यो
सहरचाहिँ शुद्ध सुनले बनेको र सफा काँचजस्तो चम्कने थियो। १९
पर्खालको जग अनेक बहुमूल्य रत्नहरूले सिँगारिएका थिए। पहिलो जग
बिल्लौरको थियो, दोस्रोचाहिँ नीरको, तेस्रो हरितमणिको, चौथो पन्नाको।
२० पाँचौं आनिक्सको, छैटौं लालमणिको, सातौं पीतमणिको, आठौं
बेरूजको, नवौं पुष्पराजको, दशौं लसुनेको, एघारौं निलमणिको र बाह्रौं
कटेलाको थियो। २१ ती बाह्र ढोकाचाहिँ बाह्र मोतीका थिए। हरेक
ढोका एउटै मोतीको थियो। त्यो सहरको सडक ऐनाजस्तै छर्लङ्गै देखिने
शुद्ध सुनका थिए।२२ सहरभित्र मैले कुनै मन्दिर देखिनँ किनभने
मन्दिरचाहिँ प्रभु सर्वशक्तिमान् परमेश्वर र थुमा नै हुनुहुन्छ। २३ त्यो
सहरमा उज्यालो पार्न घाम र जूनको खाँचो पर्दैनथ्यो किनभने
परमेश्वरको महिमा त्यहाँ चम्कन्छ र बत्तीचाहिँ थुमा नै हुनुहुन्छ। २४
संसारका सबै मानिस उहाँको उज्यालोमा हिँड्नेछन् र सबैतिरका
राजाहरूले आफ्ना धन-सम्मान् त्यहीं ल्याउनेछन्। २५ दिनभरि सहरका
ढोका कहिल्यै बन्द हुनेछैनन् अनि रातचाहिँ त्यहाँ छँदैछैन। २६ जाति-

**जातिका मानिसहरूले आ-आफ्ना मान-आदर र धन-दौलत सबै त्यहाँ ल्याउनेछन्। २७ तर कुनै अशुद्ध थोक त्यहाँ पस्न पाउनेछैन। घिनलाग्दा कुरा गर्ने, झूटो कुरा गर्नेले यो सहरमा पस्न पाउनेछैन। थुमाको जीवनको पुस्तकमा नाउँ लेखिएकाहरू मात्र त्यहाँ पस्नेछन्।"**

नयाँ यरुशलेममा भएको मन्दिरलाई यूहन्नाले देखेको छैन (प्रकाश २१:२२)। त्यसको अर्थ यो होइन कि त्यहाँ परमेश्वरको पवित्र मन्दिर छैन। बरू नयाँ यरुशलेम शहर आफै परमेश्वरको मन्दिर हो र उहाँ तिनीहरूसँग रहनुहुनेछ (प्रकाश २१:३)। नयाँ यरुशलेममा पवित्र मन्दिरमा भएका सामग्रीहरू पाइएका छन्। उदाहरणमा त्यो पवित्र शहर स्वर्गबाट ओर्लेर आउँछ (प्रकाश २१:२,१०)। त्यसको आकार महा पवित्र स्थानको जस्तो छ (प्रकाश २१:१६, १ राजा ६:२०)। जसरी यस पृथ्वीमा रहेको पवित्र मन्दिरको परिसरमा कुनै पनि अशुद्धहरू जान दिएको थिएन, त्यस शहरमा पनि त्यहि निति लागु हुन्छ (प्रकाश २१:२७)। तर सबभन्दा महत्त्वपूर्ण कुरो त यो छ, परमेश्वर आफै त्यहाँ उपस्थित हुनुहुनेछ। परमेश्वरको पवित्र मन्दिरमा सकेसम्म उहाँसँग घनिष्ट सम्बन्ध राखेर हामी रहन सक्दछौं (प्रकाश २१:३,७)। सम्पूर्ण मुक्तिको योजनाको लक्ष्य नै परमेश्वरको नजिक वा साथमा रहनु हो।

**परमेश्वरसँग अति नजिक भएर अनन्त जीवन बिताउने रे? यदि त्यो हाम्रो अन्तिम लक्ष्य हो भने अहिले नै उहाँसँग धेरै नजिक रहेर सँगसँगै हामी हिँड्नु किन जरूरी छ?**

## उपसँहारः

**थप जानकारीः एलेन जी ह्वाइटका** यी सामग्रीहरूमा यस अध्यायको बारेमा थप जानकारी दिइएको छः *एजुकेशन,* पृ. ३०१-३०९को "द स्कुल अभ द हेरआफ्टर", *द ग्रेट कन्त्रोभर्सीको* पृ. ६७३-६७८को “द ग्रेट कन्त्रोभर्सी एन्डेड"।

“भविष्यको स्वर्गमा पाउने अधिकार पनि पृथ्वीको जस्तै रहेछ भन्ने धारणाले गर्दा स्वर्गमा हुने हाम्रो घर धेरै टाढाको कुरो हो भनेर मानिसलाई आशङ्का पैदा गरिरहेका छन्। आफ्ना चेलाहरूलाई ख्रीष्टले आफू पिताको घरमा तिनीहरूको निम्ति घरहरू तयार गर्नु जान्दैछु भनेर

वचन दिनुभएको थियो। जो मानिसहरू परमेश्वरको वचनको विद्यालाई ग्रहण गर्दछन्, तिनीहरूले स्वर्गको घरको बारेमा जानकारी पाउन चुक्नेछैन। यद्यपि 'यसरी लेखिएको छ "आँखाले देखेका छैनन्, कानले सुनेका छैनन्, दिमागले भेट्टाउन सकेका छैनन् जुनकुरो उहाँलाई प्रेम गर्नेहरूलाई परमेश्वरले तयार गरिरहनुभएकोछ"' १ कोरन्थी २:९ (रूपान्तरित)। अर्थात् मुक्ति पाउनेहरूले के इनाम पाउनेछन् भन्ने कुरालाई मानविय भाषामा वर्णन गर्न सकिन्दैन। जसले त्यसलाई देख्छ त्यसले मात्र थाहा पाउनेछ। मानिसको सिमित दिमागले स्वर्गमा भएको परमेश्वरको महिमालाई बुझ्न सक्दैन।"एलेन जी ह्वाइट, द ग्रेट कन्त्रोभर्सी, पृ. ६७४,६७५बाट रूपान्तरित।

**चिन्तनमननः**

अ. स्वर्गमा भएको परमेश्वरको पवित्र मन्दिर कुनै काल्पनिक नभएर साँच्चिकै हो भनेर बुझ्नु किन जरूरी छ? अनि फेरि त्यस बखत पृथ्वीमा भएको परमेश्वरको मन्दिर र स्वर्गमा भएको मन्दिरलाई तुलना गर्दा किन होसियार हुनुपर्दछ?

आ. चर्च परमेश्वरको मन्दिर हो भन्ने धारणाको चर्चापरिचर्चा गर्नुहोस्। यो आत्मज्ञान तपाईंले कसरी बुझ्नुभएको छ? फेरि हामी चर्च भएको हैसियतले त्यस महत्त्वपूर्ण गरिमामय विद्यालाई राम्री कसरी झल्काउने?

इ. "के तिमीहरू आफै परमेश्वरको मन्दिर हो भन्ने कुरालाई तिमीहरूलाई थाहा छैन र? परमेश्वरको आत्मा तिमीहरूमा रहनुहुन्छ। यदि कसैले परमेश्वरको मन्दिरलाई दुरूपयोग गरि नाश गर्छ भने परमेश्वरले तिनीहरूलाई नाश गर्नुहुनेछ। परमेश्वरको मन्दिर पवित्र छ। र तिमीहरू परमेश्वरको त्यस मन्दिर हो" (१ कोरन्थी ३:१६,१७ रूपान्तरित)। पावलको उक्त भनाईले हामीलाई के सिकाउँदछ? र त्यहाँ देखाइएका आत्मज्ञानलाई हामीहरूको जीवनमा कसरी प्रयोग गर्ने?

ई. अहिले हामी पुजारीहरू हौं र येशूको दोस्रो आगमनपछि पनि निरन्तररूपमा पुजारी नै भएर क्रियाशील हुन्छौं रे ! यस ज्ञानलाई गहिरिएर सोच्नुहोस्। वर्तमान परिप्रेक्ष्यमा हाम्रो निम्ति त्यसको अर्थ के हो? येशूको दोस्रो आगमनपछि हाम्रो निम्ति त्यो कस्तो हुने होला? पुजारी भन्ने शव्दले मुक्तिको योजनामा परमेश्वरको मन्दिर कतिको गौरवमय धारणा रहेछ भनेर बताउँछ?